का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २४३
❒ ७ कात्तिक २०७८, आइतबार
❒ 24 October 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# दाबीसँग नमिल्ने दृश्य



सर्वसम्मत निर्वाचित नेकपा एमाले बुटवल उपमहानगर कमिटी वडा नम्बर १३ को कार्यसमिति । शनिबार ६ हजार बढी वडामा अधिवेशन भएको एमालेले जनाएको छ । तस्वीर : निरा गौतम, रासस

**दीवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक

प्रमुख विपक्षी दल नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशन शुरु भएको छ । शुक्रबारको स्थायी कमिटी बैठकले महाधिवेशन मूल व्यवस्थापन समिति गठन गरेर काम अगाडि बढाएको छ भने महाधिवेशन प्रतिनिधिको योग्यता तयार गरिएको छ । यसको भोलिपल्टै, शनिबार देशभर वडा अधिवेशन शुरु भएको छ । एमालेले बाढी, पहिरो र डुवानको प्रभावित क्षेत्रको महाधिवेशन शनिबार नभएपनि कात्तिकभित्र सक्ने निर्णय गरेको छ ।

शनिबार वडा अधिवेशन तोकेको एमालेले ९ कात्तिकमा पालिका अधिवेशन गर्नेछ। यसैको जगमा एमालेको महाधिवेशन प्रतिनिधि चयन हुनेछ । जिल्ला र प्रदेशको नेतृत्व चयन भने महाधिवेशन पछि मात्रै गर्ने एमालेको निर्णय छ । शनिबार वडा अधिवेशनको उद्घाटन गर्दै एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकताबद्ध बनेको बताएका छन् । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहितका नेताहरु पार्टीबाट बाहिरिए पछि एमाले एकताबद्ध बनेको दावी गरे ।

> नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकताबद्ध रहेको दावी गारिरहेपनि दृष्य भने मिल्दैन । एमालेभित्र तीन मोर्चा छ भने माधव नेपाल सहितले पार्टी छोडेका छन् ।

तर तथ्य भने ओलीको दावी भन्दा ठीक बिपरीत छ । शनिबारको सम्बोधनमा ओलीले उपाध्यक्ष भीम रावलले राजीनाबारे समेत बताएका थिए । अर्थात् ओलीकै अभिव्यक्तिले पनि एमाले एकताबद्ध नरहेको पुष्टि हुन्छ। दश बुँदे सहमति कार्यान्वयन नभएको भन्दै उपाध्यक्ष रावलले दश बुँदे सहमति कार्यान्वयन कार्यदलबाट राजीनामा दिएका छन् । रावल सहित स्थायी कमिटीका १० नेता एमालेमै बसेका छन् । उपाध्यक्षहरु रावल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, उपमहासचिव घनश्याम भूसाल,

बाँकी पृष्ठ २ मा

# असन्तुष्टि छ, विकल्प छैन

## पार्टी सभापति शेरबहादुर देउवाको कार्यशैली, अभिव्यक्ति र निर्णय प्रक्रियामा असन्तुष्टि जनाउँदै आएपनि बरिष्ठ नेता रामचन्द्र पौडेल विकल्पहीन छन् ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक



नेपाली काँग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले अर्ली इलेक्सनको कुनै संभावना नरहेको बताएका छन्। शनिबार कैलाली पुगेका बरिष्ठ नेता पौडेलले यो संसद् पूरा कार्यकाल चल्ने दावी गरे । नेता पौडेलले अर्ली इलेक्सनको प्रशंग अचानक उठाएका होइनन् ।

बरिष्ठ शुक्रबार मात्रै सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले अर्ली इलेक्सनबारे बोलेका थिए । प्रधानमन्त्री देउवाले तीनै तह (संघ, प्रदेश र स्थानीय तह) को निर्वाचन चाँडै गर्नेबारे छलफल हुनसक्ने बताएका थिए । पाँच दलीय गठबन्धनको बहुमतका प्रधानमन्त्री देउवाको अर्ली इलेक्सन अभिव्यक्ति अनावश्यक र अचानक देखिन्छ । किनभने संसद् पूरा कार्यकाल टिकाउने भनेर नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र काँग्रेसभित्रैको एउटा समूह (रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला) लामो संघर्षमा होमिएका थिए ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी त संसद् पूरा टिकाउने भनेरै एमालेबाट अलग भएको थियो । संसद् पूरा चलाउने भनेर एमाले नै छोडेका एकीकृत समाजवादीका सांसदहरुको समत समर्थनमा प्रधानमन्त्री रहेको देउवाको अभिव्यक्ति सान्दर्भिक देखिदैन । फेरि संसद् जति चलेपनि देउवाकै प्रधानमन्त्री पद लम्बिन्छ । तर त्यस बिपरीत देउवाले अभिव्यक्ति दिएका छन् ।

प्रधानमन्त्री देउवाको अभिव्यक्तिप्रति पौडेल सन्तुष्टि जनाएका हुन् । कस्तो भने देउवाको प्रधानमन्त्री पद धेरै बनाउनेगरी पौडेलले अभिव्यक्ति दिनुपरेको छ । संसद् र संविधान जोगाउने अडानका कारण पनि प्रधानमन्त्री देउवाको अभिव्यक्तिसँग असहमति जनाएका हुन् । हुन पनि अवस्था कस्तो बनेको छ भने देउवासँग पौडेल असन्तुष्ट हुने, तर विकल्प भने नरहने परिस्थिति छ ।

शनिबारकै पौडेलको अभिव्यक्तिले पनि त्यो प्रमाणित हुन्छ । पौडेलले समयमा महाधिवेशन नगरेका कारणले काँग्रेसको वैधानिकता सकिएको बताए । संवैधानिक व्यवस्था अनुसार, पाँच वर्षभित्र महाधिवेशन गरिसक्नुपर्ने हुन्छ। विशेष कारण आइलागे साढे पाँच वर्षभित्र महाधिवेशन गरिसक्नुपर्छ । काँग्रेसको विधानअनुसार भने चार वर्षभित्र महाधिवेशन गरिसक्नुपर्ने हुन्छ। तर काँग्रेसले महाधिवेशन साढे पाँच वर्षभित्र पनि गर्न सकेन ।

साढे पाँच वर्षभित्र महाधिवेशन हुन्थ्यो भने गएको २३ भदौमा नेतृत्व चयन भइसक्थ्यो । तर पार्टीभित्र नेतृत्व हत्याउने प्रयत्नकै कारणले महाधिवेशन संवैधानिक समयावभित्र हुन सकेन । नेता पौडेलले निर्वाचन आयोगको निगाहाका कारण पार्टीको वैधानिकता कायम रहेको बताएका थिए। तर महाधिवेशन नहुँदा र पार्टी वैधानिकता नरहँदा पनि नेता पौडेल समेत पार्टी विहीन हुन्छन् । अर्थात्, पौडेलसँग असन्तुष्टि र आक्रोश देखिन्छ, तर विकल्प छैन ।




# शेयर बजार घट्दा रेमिट्यान्सले समायो हुण्डीको बाटो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ कात्तिक

नेपाली शेयर बजारको घट्दो क्रमसँगै वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सले पनि हुण्डीको बाटो समाएको विज्ञहरूले बताएका छन् । नेपाली शेयर बजार प्रविधिमैत्री भएपछि विश्वभर छरिएका नेपालीले कोरोना भाइरस संक्रमणसँगै नेपाली शेयर बजारमा लगानी गर्न शुरू गरेका थिए भने रेमिट्यान्स पनि बैंकिङ च्यानलमार्फत आउँदा कोरोना संक्रमणको अवस्थामा पनि रेमिट्यान्स घटेको थिएन ।

कोरोना संक्रमणपछिको लकडाउनसँगै उकालो लागेको नेपाली शेयर बजारको सूचकांक ३२ सयभन्दा केही माथी पुगेर निरन्तर ओरालो लागिरहेको छ । सरकारी खर्चको कमी, बैंकहरुको बढ्दो ब्याजदर र शेयर कर्जामा गरिएको कडाइले नेपाली शेयर बजार दुई महिनायता ओरालो यात्रामा छ ।

शेयर बजारमा आएको गिरावटले वैदेशिक रोजगारमा रहेका नेपाली कामदारहरूले ठूलो परिमाणमा लगानी

**वैदेशिक रोजगार विशेष**

गुमाएको बताइएको छ । तर शेयरबजार निरन्तर घटेपछि तर्सिएका कामदारले शेयरमा लगानी गर्न छाडेर हुण्डीमार्फत रेमिट्यान्स पठाउन थालेको शेयर बजार विश्लेषक सन्तोष चौधरी बताउँछन् । हुण्डी कारोवारीले नेपाली कामदारको रकम जम्मा गरी विदेशमा नै राखेर सामान पठाएर व्यापार गर्दा रेमिट्यान्समार्फत नेपाल आउने विदेशी मुद्रा रोकिँदा विदेशी मुद्राको संचिति घटिरहेको बताइएको छ ।

नेपाल राष्ट्र बैंकले २०७८ असार मसान्तमा १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३.२ प्रतिशतले कमी आई २०७८ साउन मसान्तमा १३ खर्ब ५३ अर्ब ८२ करोड रुपैयाँ कायम भएको र अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ साउन मसान्तमा २.८ प्रतिशतले कमी आई ११ अर्ब ४२ करोड रहेको जनाएको छ ।

वैदेशिक रोजगारीमा जापान, दक्षिण कोरिया गएका कामदार, अध्ययनका लागि अष्ट्रेलिया र युरोपेली मुलुकमा रहेका नेपालीको ठूलो हिस्सा शेयर बजारमा प्रवेश गर्दा नेपाली शेयर बजारले नयाँ रेकर्ड बनाएको थियो भने बैकिङ च्यानलबाट आउने रेमिट्यान्स पनि उल्लेख्य बढेको थियो ।

दशैं पछाडि शेयर बजार बढ्ने धेरैको टिप्पणी भएपनि बजारमा त्यस अनुसार सुधार नभएछि पसिनाको कमाई लगानी गरेका कामदार चिन्तित बनेको हाल यूएईमा रहेका सुनसरीका प्रकाश काफ्ले बताए ।

# ६ महिनामा ३५३ जनाको मृत्यु

## बाढी, पहिरो र चट्याङबाट बितेको ६ महिनामा ३५३ जनाको मृत्यु भएको छ ।

**काठमाडौं/मस–** गएको ६ महिनाभित्र बाढी, पहिरो र डुवानमा परेर ३५३ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, यो अवधिमा ८० जना हराइरहेका छन् ।

गृह मन्त्रालयको तथ्याङ्क अनुसार, पहिरोमा परेर १६१ को मृत्यु भएको छ । बाढीबाट ५२ र चट्याङ लागेर ४९ जनाको मृत्यु भएको छ । भारी वर्षाले १८, सर्पले टोकेर २०, आगलागीबाट १८, जनावरको आक्रमणबाट २८, डढेलो, हावाहुरी र महमारीबाट सात जनाले ज्यान गुमाएका छन् । बेपत्ता भएका ८० मध्ये पहिरामा ४२ र बाढीमा ३७ जना परेका छन् ।

यो अवधिमा दुई हजार ९० वटा विपद्का घटना भएका छन् । कूल एक हजार २८४ जना घाइते भएको विवरण छ । कूल तीन हजार ४४३ घर परिवार प्रभावित भएका छन् भने रु एक अर्ब बढीको क्षति भएको छ । पछिल्लो वर्षाका कारण मात्रै १११ जनाले ज्यान गुमाएका छन् भने ३५ बेपत्ता रहेका छन् । मनसुनको अवधिमा १३६ जनाले ज्यान गुमाएका थिए । यसपाली बेमौसमको वर्षाले झन ठूलो क्षति गराएको छ ।

मनसुनको समयमा समेत १५ प्रतिशत बढी पानी परेको थियो । अहिलेको वर्षाले भने लगाएको धानखेतीमा ठूलो क्षति गराएको छ । सबै क्षतिको विवरण संकलनको क्रममै रहेको गृह मन्त्रालयले जनाएको छ ।

उता, गएको ३१ असोजदेखि परिरहेको अविरल वर्षमा परेर पाँचथरमा मात्रै ३० जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार बाढी र पहिरामा परी बेपत्ता रहेका थप दुई जनाको शव शनिबार फेला परेसँगै मृतकको संख्या ३० पुगेको हो ।

यही कात्तिक १ देखि ३ गतेसम्म निरन्तर भएको वर्षाका कारण बाढी र पहिराको प्रकोप हुँदा जिल्लाका चार स्थानीय तहका सो संख्यामा स्थानीयवासीको ज्यान गएको हो । बाढीले बगाएर बेपत्ता फिदिम नगरपालिका-६ की २२ वर्षीया सम्पदा आले मगर र पहिराले पुरिएर बेपत्ता फाल्गुनन्द गाउँपालिका-४ चिलिङदिनका आठ वर्षीय बालक मित्तोक चेम्जोङको शव फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बाढी र पहिरामा परी मृत्यु भएका २८ जनाको यसअघि नै पहिचान भइसकेको छ । त्यसमध्ये २१ जना मिक्लाजुङ गाउँपालिकाका

बाँकी पृष्ठ २ मा

# अधिकार मागेर होइन खोसेर लिनुपर्छः अध्यक्ष खरेल

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, ६ कात्तिक

राष्ट्रिय मानव अधिकार प्रतिष्ठानका केन्द्रीय अध्यक्ष भवानी प्रसाद खरेलले आफुले पाउने अधिकार मागेर नभई खोसेर लिनुपर्ने बताएका छन् । मानव जातीका कसैको मानव अधिकार हनन् भएर नपाएमा खोसेर लिनुपर्ने उनको भनाइ छ ।

जिल्ला शाखा भक्तपुरले शनिबार आयोजना गरेको छैटौं साधारण सभाको उद्घाटन गर्दै उनले भौतिक आक्रमण भने गर्न नहुने बताए । नियमसंगत रुपमा आन्दोलन गरी अधिकार प्राप्त गर्नुपर्ने उनको भनाइ छ । नेपालमा हाल एक सय ५० हाराहारीमा मानव अधिकार संगठनहरु रहेको तर ती मानव अधिकार संगठनहरुमध्ये आफूहरुले कुनै पनि विदेशी संघसंस्थासँग हात नथापी कार्यक्रम गर्ने गरेको उनले बताए ।




उनले प्रतिष्ठानमा कर्मचारीबाहेक कसैले पनि एक पैसा कहीकतैबाट नपाउने बताए ।

कार्यक्रममा प्रतिष्ठानका महासचिव हरिचन्द्र भट्टराई, नेपाल मानव अधिकार संगठन भक्तपुरका अध्यक्ष रामकृष्ण मानन्धर, जिल्ला अध्यक्ष डा.राजेन्द्र कोजू, सचिव संजीव खनाल, कोषाध्यक्ष कोषाध्यक्ष प्रभा थापा लगायतले मानव अधिकारका विविध पक्षमा आ-आफ्नो धारणा राखेका थिए ।

---

## एमाले वडाअधिवेशन

# सैनामैनाका सबै वडामा सर्वसम्मत नेतृत्व चयन

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ६ कात्तिक

नेकपा एमालेको वडाअधिवेशन अन्तर्गत रुपन्देहीको सैनामैना नगरपालिकाको सबै वडामा सर्वसम्मत नेतृत्व चयन भएको छ । जसअन्तर्गत सैनामैना नगरपालिकामा रहेका ११ वटै वडामा वडाअधिवेशन सर्वसम्मत रुपमा सम्पन्न भएको नेकपा एमाले सैनामैनाकी नेता सविता भुसाल भण्डारीले जानकारी दिइन् ।

नगरभित्र रहेका जिल्ला, प्रदेश र केन्द्रीय नेतृत्वको सहभागितामा सबै वडामा उत्साहजनक रुपमा अधिवेशन सम्पन्न भएको जिल्ला सदस्य एवम् नगर इञ्चार्ज खुसीराम चौधरीले बताए ।

सैनामैना नगरपालिकामा रहेका वडाहरु मध्ये वडा नं. १ मा सूर्य विक्रम रानाको नेतृत्वमा वडा कमिटी गठन गरिएको छ । जसको उपाध्यक्षमा प्रेम भुसाल, सचिवमा ज्ञानेश्वर घिमिरे र उपसचिवद्वयमा सीता खनाल, धर्मेन्द्र चौधरी चयन भएका छन् भने बाँकी सदस्यहरु छन् ।

वडा नं.२ मा अमर कंडेलको अध्यक्षतामा वडा कमिटी गठन गरिएको छ । जसको उपाध्यक्षमा भिखु चौधरी, सचिवमा शेखर थापा र उपसचिवमाद्धय मदन पन्थी, कमला सुनार निर्वाचित भएका छन् भने अन्य सदस्यहरु छन् ।

त्यसैगरी वडा नं. ३ मा सुन बहादुर पुनको अध्यक्षतामा वडा कमिटी गठन गरिएको छ । जसको उपाध्यक्षमा शिव ज्ञवाली, सचिवमा बसन्त रेग्मी र उपसचिवमाद्धयमा कर्ण बहादुर कार्की, छायादत्त शर्मा चयन भएको निर्वाचन कमिटिले जनाएको छ ।

वडा नं. ४ मा पिताम्बर न्यौपाने (धर्म) को अध्यक्षतामा वडा कमिटी गठन गरिएको छ ।

जसको उपाध्यक्षमा संजिब थापा, सचिवमा रामबहादुर क्षेत्री र उपसचिवद्वयमा केवल प्रसाद थारु, सावित्रा कुंवर रहेका छन् भने बाँकी सदस्यहरुमा रहेका छन् ।

वडा नं. ५ मा प्रकाश पौडेलको नेतृत्वमा वडा कमिटी गठन भएको छ। जसको उपाध्यक्षमा मन कुमारी राई, सचिवमा भिम सुबेदी र उपसचिवद्वयमा रिजन गहतराज र रामनारायण थारु रहेका छन् भने बाँकी सदस्यहरुमा रहेका छन् ।

वडा नं.६ मा प्रकाश आचार्यको नेतृत्वमा वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा खड्कबहादुर वि.क, सचिवमा आशिष पोखरेल र उपसचिवद्वयमा कमला अधिकारी, कमल भण्डारी रहेका छन् भने बाँकी सदस्यहरुमा रहेका छन् ।

त्यस्तै वडा नं.७ मा भिमकान्त न्यौपानेको नेतृत्वमा वडा कमिटी गठन भएको छ। जसको उपाध्यक्षमा दिपेन्द्र भणडारी, सचिवमा टेकप्रसाद बस्याल र उपसचिवद्वयमा अम्बिका गैरे र कृष्णबहादुर राना निर्वाचित भएका छन् भने बाँकी सदस्यहरुमा रहेका छन् । वडा नं. ८ मा खिमलाल ढकालको अध्यक्षतामा वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा इश्वरी भण्डारी, सचिवमा नारायण न्यौपाने र उपसचिवद्वयमा शोभाखर पाण्डे र लक्ष्मी चौधरी चयन रहेका छन् भने बाँकी सदस्यहरुमा रहेका छन् । त

यसैगरी वडा नं.९ मा डोलनाथ भण्डारीको अध्यक्षतामा वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा रामचन्द्र पौडेल, सचिवमा विष्णुमाया वि.क र उपसचिवद्वयमा नेत्र प्रसाद न्यौपाने र प्रेमिका पुरी बराल चयन भएका छन् भने बाँकी सदस्यहरु रहेका छन् । वडा नं. १० मा कृष्ण प्रसाद घिमिरेको अध्यक्षतामा वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा कुलबहादुर जि.सी, सचिवमा गोबिन्द अधिकारी र उपसचिवद्वयमा माया पौडेल र ओम नारायण पाण्डे चयन रहेका छन् । अन्य सदस्यहरु छन् ।

---

# एमाले वडा अधिवेशन : खोटाङका ७५ वडामा नेतृत्व चयन

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, ६ कात्तिक

नेकपा एमालेको१० औं राष्ट्रिय महाधिवेशनलाई लक्षित गरेर खोटाङमा पनि शनिबार वडा अधिवेशन सम्पन्न भएको छ। दश स्थानीय तहको ७९ वडामा शनिबार एकैसाथ आयोजना गरिएको वडा अधिवेशनमध्ये ५० भन्दा बढीमा सर्वसमत नेतृत्व चयन भइसकेको नेकपा एमाले खोटाङका अध्यक्ष रामप्रसाद दंगालले मध्यान्हलाई बताए ।



जिल्लाका अधिकांश वडामा अधिवेशन सकिए पनि साकेला गाउँपालिका-४ मात्तिमविर्ता र दिप्रुङ चुइचुम्मा गाउँपालिका-५ मा आइतबारका लागि अधिवेशन सरेको जनाइएको छ। यस्तै, दिप्रुङ चुइचुम्मा गाउँपालिकाकै वडा नं.-७ टेम्मामा नेतृत्व चयन गर्न बाँकी रहेको एमाले खोटाङले बताएको छ।

एमाले अध्यक्ष दंगालका अनुसार दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ दोर्पामा विवादका कारण अधिवेशन हुन सकेन। उनले मध्यान्हसँग भने, 'अधिवेशन सफल पार्न हामी स्थानीयस्तरका नेता तथा कार्यकर्तासँग बसेर छलफल गर्छौं, छलफलबाट समस्याको समाधान भएलगत्तै अधिवेशन गरिने छ ।'

अधिवेशनबाट प्रत्येक वडामा अध्यक्ष एक, उपाध्यक्ष एक, सचिव एक तथा उप-सचिव दुई र ३१ जना वडा सदस्य चयन गर्ने व्यवस्था छ । वडा अधिवेशनका लागि नेताहरु गाउँगाउँमा पुगेका छन् ।

दुई नगर र आठ गाउँपालिका रहेको जिल्लामा एमालेका दुई हजार ४४९ जना वडास्तरीय नेता तथा कार्यकर्ताले वडा कमिटीमा नयाँ जिम्मेवारी पाउने छन् । आगामी ९ कात्तिकमा पालिका अधिवेशन हुने छ ।

एमालेको १० औं महाधिवेशन मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने एमालले जनाएको छ। चितवनमा हुने महाधिवेशनका लागि समेत जिल्लाबाट प्रतिनिधि छनोट गरिने जनाइएको छ ।

---

# वैशाखयता विपद्जन्य घटनामा ३५३ को मृत्यु

**काठमाडौं/मस**-वैशाखयता नेपालमा विपदजन्य घटनाबाट ३५३ जनाको ज्यान गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा ८० जना हराइरहेका छन् । सबैभन्दा बढी पहिरोमा परेर १६१ को मृत्यु भएको तथ्यांकमा उल्लेख छ । त्यसपछि बाढीबाट ५२ र चट्याङ लागेर ४९ जनाको मृत्यु भएको छ। भारी वर्षाले १८, सर्पले टोकेर २०, आगलागीबाट १८, जनावरको आक्रमणबाट २८, डढेलो, हावाहुरी र महमारीबाट सात जनाले ज्यान गुमाएका छन् । बेपत्ता भएका ८० मध्ये पहिरामा ४२ र बाढीमा ३७ जना परेका छन् । प्राधिकरणका अनुसार उक्त अवधिमा दुई हजार ९० वटा विपद्का घटना भएका छन् ।

---

## दाबीसँग...

सचिवहरु गोकर्ण बिष्ट, भीम आचार्य र योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु सुरेन्द्र पाण्डे र रघुजी पन्त, अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहारा एमालेमै बसेका छन् ।

तर उनीहरुलाई चिढ्याउनेगरी ओलीले अभिव्यक्ति दिएपछि रावलले राजीनामा दिएका हुन् । दश बुँदे सहमति माधव नेपालका लागि गरिएको, तर माधव नेपाल नबसेपछि अब १० बुँदेको एकतारे नजाइरहन आवश्यक नरहेको अध्यक्ष ओलीको भनाइ थियो । यसपछि एमालेभित्र अध्यक्ष ओली र १० बुँदे पक्षधर बीच दूरी बढेको छ । सँगै, शनिबारको बैठकले अर्को समूह पनि एमालेभित्र रहेको प्रष्ट हुन्छ ।

माओवादी छोडेर आएका प्रभु साहको सिफारिस भन्दै दुई जनालाई केन्द्रीय सदस्य मनोनित गरिएको छ । यसमा उपाध्यक्ष रावलले सार्वजनिक रुपमै आपत्ति प्रकट गरे । १० बुँदे सहमतिअनुसार, १० प्रतिशत केन्द्रीय सदस्य मनोनित नगर्ने, तर प्रभु साहले भन्दैमा विधि र प्रक्रिया बिपरीत केन्द्रीय सदस्य थप गरिएको रावलको गुनासो थियो । गएको वर्ष ५ पुसमा प्रतिनिधिसभा विघटन गर्दा माओवादी छोडेर रामबहादुर थापा बादल, लेखराज भट्ट, टोपबहादुर रायमाझी, मणि थापा, प्रभु साह सहितको एउटा पंक्ति ओलीतिर लागेका थिए । अहिले त्यो मोर्चा मनाउनुपर्ने दायित्व र दबावमा ओली देखिएका छन् ।

अर्कातिर, माधव नेपाल सहित ठूलो पंक्तिले एमाले छोडेका छन् । पार्टीका पूर्व प्रमुख बनिसकेका झलनाथ खनाल, नेपाल सहित ५५ केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा, आठ राष्ट्रियसभा सदस्य, ५३ प्रदेशसभा सदस्य र एक हजार बढी जनप्रतिनिधि नेकपा (एकीकृत समाजवादी) तिर लागेका छन् । तर अध्यक्ष ओलीले भने एमाले एकताबद्ध रहेको दावी गर्न छोडेका छैनन् ।

## ६ महिनामा...

छन् । जिल्लामा अझै फिदिमका एक र मिक्लाजुङका तीन गरी चार जना बाढी तथा पहिरामा परी बेपत्ता छन् । बेपत्ता हुनेमा दुई स्वास्थ्यकर्मीसमेत छन् । इलामको माङ्सेबुङ गाउँपालिकामा कार्यरत उनीहरु पाँचथरको मिक्लाजुङ गाउँपालिकामा पहिरामा परी घाइते भएका स्थानीयवासीको उपचारमा आएका थिए । पहिरो झरेपछि भाग्ने क्रममा पहिराले पुर्दा बेपत्ता भएका उनीहरु अझैसम्म फेला पर्न नसकेको मिक्लाजुङका अध्यक्ष अमरराज माखिमले बताए ।

बाढी र पहिरामा परी बेपत्ताको खोजी तीव्र पार्न तथा क्षतिको विवरण संकलन गर्न जिल्ला विपत् व्यवस्थापन समितिले सुरक्षा निकाय र स्थानीय तहलाई परिपत्र गरिसकेको छ । सुरक्षा निकायले स्थानीयवासीसमेतको सहयोगमा खोजी कार्य गर्दै आएको तथा स्थानीय तहबाट क्षतिको विवरण संकलन थालिएको समितिले जनाएको छ ।


## साउदीमा रोजगार

१. कम्पनी : TEN GRAMS CAFE FOR PROVIDING DRINKS — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/०२ — चलानी नं.: ६०१६५९५५ — L.T. No.: 248870

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Doman Awad Saleh Al Saiari Architectural Contracting Est — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९६० — L.T. No.: 248126

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Saad Misfer Al Oasis General Contracting Est — शहरः Dammam
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९६१ — L.T. No.: 248125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Carpenter | 1 | 0 | | 1200 | ३८,२४४ | | | | | | | |

४. कम्पनी : Ten Grams Cafe For Providing Drinks — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/०२ — चलानी नं.: ६०१६५९५५ — L.T. No.: 248870

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : Nesma Golden Foodstuff Grocery — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९५९ — L.T. No.: 248047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Stuff Seller | 2 | 0 | स. काममा दक्ष | 1600 | ५०,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : Asiyah Eid Mubarak Al Mutairy Restaurant For Traditional Food — शहरः Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९५९ — L.T. No.: 248461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Main Food Server | 2 | 0 | | 1400 | ४४,६१८ | | | | | | | |

७. कम्पनी : GULF CATERING CO — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९५७ — L.T. No.: 248536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole vehicle Driver | 10 | 0 | | 1800 | ५७,३६६ | | | | | | | |

८. कम्पनी : Mona Mohammad Sulaiman Al Farij Contracting Est — शहरः Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ — चलानी नं.: ६०१६५९५६ — L.T. No.: 248457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder (Smith) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 3 | 0 | | 1000 | ३१,८७० | | | | | | | |

९. कम्पनी : GULF CATERING CO — शहरः Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/०२ — चलानी नं.: ६०१६५९५४ — L.T. No.: 248869

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 60 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Butcher | 15 | 0 | | 1200 | ३८,२४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## दुवईमा सेक्युरेटी गार्ड, महिला तथा पुरुष क्लिनर र स्टिल फिक्चरहरु रोजगारको अवसर

१. कम्पनी: AFRITEX CLOTHING FZCO-JAFZA — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९५० — LT. NO.: 249170

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garment Sorter | 15 | 15 | स. काममा दक्ष | 800 | २६,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: CLASSIC EMPLOYMENT DEMAND SERVICES — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९५१ — LT. NO.: 248908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labours | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 50 | 0 | | 1100 | ३५,७९४ | | | | | | | |

३. कम्पनी: FEDERAL SECURITY SERVICES LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९५२ — LT. NO.: 249168

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 24 | 6 | स. काममा दक्ष | 1200 | ३९,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

बेसिक सेलरी १२ सय भएता पनि ओटी र सेक्युरेटी एलाउन्स सहित गरी कम्तीमा १६ सय देखी १८ सय दिरामसम्म हुनेछ। सेक्सुरेटीगार्डको हकमा साधारण अंग्रेजी बोल्न जान्ने हुनु पर्नेछ। उचाई ५ फिट २ इन्च भन्दा माथि हुनु पर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
सामाखुसी, रिङ्गरोड, काठमाडौं, नेपाल । Tel No.: 01-4387991, 4387992, 4385633, 4354106, 4384708 | Mobile Number : 9801033972, 9802070510, 9802070621

**Staff Wanted!!**
Documentation (Female 2 No.)
PRO (Male 2 No.)
Receptionist (Female 2 no.).

Candidates should have a minimum 2 years experience in manpower fields and interested candidates can apply.
Contact No.: 9801033970



## UAE मा रोजगारको अवसर

१. कम्पनी : Al Seer Trading Agencies — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९०५ — LT. No.: 249162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall & Market Salesman | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filling Clerk | 1 | 0 | | 1200 | ३९,०३६ | | | | | | | |

२. कम्पनी : Dulsco L.L.C. — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९०१ — LT. No.: 247724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labourer | 100 | 0 | | 800 | २६,०२४ | | | | | | | |

३. कम्पनी : GALADARI BROTHERS CO LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९०२ — LT. No.: 248108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 10 | स. काममा दक्ष | 1500 | ४८,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch) — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९०४ — LT. No.: 249112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building painter assistant | 20 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |

५. कम्पनी : UNITED ENGINEERING CONSTRUCTION CO (L.L.C.) UNEC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९०३ — LT. No.: 248109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 50 | 0 | स. काममा दक्ष | 900 | २९,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : INAYA TECHNICAL SERVICES L.L.C. — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ — चलानी नं.: ६०१६५९४९ — LT. No.: 249163

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 64 | 3 | स. काममा दक्ष | 900 | २९,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

विपतको दशैं

# सुनसरीमा बाढी पहिरो र दुर्घटनाबाट १६ जनाको मृत्यु

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ६ कात्तिक ।



विगतका वर्षहरूमा हर्षोउल्लासका साथ मनाइएको वडा दशैं यस वर्ष प्राकृतिक प्रकोपसँगै बाढी, पहिरो डुबानका कारण शोकमग्न बनेको छ । बडादशैं अन्तर्गत टिकाको अन्तिम दिन गत कात्तिक २ गते वर्षासँगै आएको बाढीले सुनसरीमा १० जनाको मृत्यु भएको छ भने दशैंकै बेला भएको सवारी दुर्घटनामा परी ६ जनाले ज्यान गुमाएका छन् । अविरल वर्षासँगै आएको बाढीमा अझैं २ जना बेपत्ता भएका छन् ।

वर्षासँगै स्थानीय खोलाहरूमा आएको बाढी र विभिन्न स्थानमा गएको पहिरोको कारण सुनसरीमा १० जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता भएका जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । बाढीले सुनसरीको १२ वटा स्थानीय तहहरूमध्ये इटहरीमा सबैभन्दा बढी मानविय क्षति पुऱ्याएको छ । स्थानीय खेती खोला र टेंग्रा खोलामा आएको बाढीले बगाएर इटहरीमा ५ जनाको मृत्यु भएको छ भने २ जना अझैं बेपत्ता रहेका छन् ।

बाढीले इटहरी २ का २१ वर्षीय रोसन बुढाथोकी, ३१ वर्षीय योगेन्द्र तिवारी, इटहरी ७ का कैलाश मण्डल, इटहरी ५ का चन्द्रमणी काफ्ले र इटहरी १८ का सिंहबहादुर कार्कीको मृत्यु भएको हो । बाढीले बगाएर इटहरी ९ का ३१ वर्षीय बिनोद पराजुली र इटहरी ३ का ४० वर्षीय राजकुमार राई बेपत्ता भएका छन् ।

त्यस्तै वर्षाकै कारण आएको पहिरोले सुनसरीको धरान उपमहानगर ११ स्थित पहिरोले घर पुरिँदा दुईजना बालबालिकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

बाढीबाट सुनसरीमा के कति ? क्षति भएको हो त्यसको लागत संकलन भइरहेकाले तत्काल क्षति विवरण आउन नसकेको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ । यसैबीच अविरल वर्षासँगै आएको बाढीले सुनसरीमा अरबौं मुल्य बराबरको धानबालीमा क्षति पुगेको छ । सुनसरीमा करिब २० हजारभन्दा बढी हेक्टर क्षेत्रफलमा लगाएको धानबालीमा क्षति भएको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख नुनुलाल उरावले जानकारी दिए । सदरमुकाम इनरुवासहित जिल्लाको धरान, इटहरी, रामधुनी, बराहक्षेत्र, कोसी, भोक्राहा नरसिंह, हरिनगर, देवनागञ्ज, वर्जु, गढी र दुहवीलगायतका क्षेत्रमा लगाएको धानबालीसहित तरकारी बालीमा पनि ठूलो क्षति भएको उरावले बताए । यसैबीच दशैंको सुरूवाती देखि अन्तिम दिन नौराथाको अवधि भित्र सुनसरीमा भएको सवारी दुर्घटनामा परी ६ जनाले ज्यान गुमाएका छन् । बडादशैं शुरू भएको घटस्थापना देखि कात्तिक ३ गते पुर्णिमाको दिनसम्म सुनसरीको विभिन्न राजमार्गहरूमा ४८ वटा सवारी साधनहरू दुर्घटनामा परेको र सोही दुर्घटनामा परी ६ जनाले ज्यान गुमाएको प्रदेश एक ट्राफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ । दुर्घटनामा परी एक सय बढी घाइते भएका छन् । जसमा गम्भीर घाइते २६ जना र बाँकीको अवस्था सामान्य रहेको प्रदेश एक ट्राफिक कार्यालयले जनाएको छ ।

# कपिलवस्तुमा जसपा नेपालको वडा भेला सम्पन्न

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु ६ कात्तिक



कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर ४ मुडफुवामा जनता समाजवादी पार्टी नेपालको वडा भेला तथा स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

अध्यक्ष रामकुमार यादवको अध्यक्षता सम्पन्न भेलामा कांग्रेस, नेकपा एमाले, लो.स.पा. लगायतका पार्टी परित्याग गरी २ सय ५० जना भन्दा बढी कार्यकर्ता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।

विशिष्ट अतिथि लुम्बिनी प्रदेशका भौतिक योजना तथा पूर्वाधार विकासमन्त्री सहसराम यादवद्वारा टिका माला लगाइ पार्टी प्रवेश गराएका थिए ।

पुर्व मन्त्री दान बहादुर चौधरीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश उपाध्यक्ष अब्दुल रसिद खाँ, मायादेवी गाउँपालिका अध्यक्ष बजरंगी चौधरी उपस्थित थिए । यसैगरि, जसपा नेपालका कपिलवस्तु जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादव शुद्धोधन गाउँपालिका अध्यक्ष निसार अहमद खाँ को लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालक सुग्रीम यादवले गरेका थिए ।

## Invitation for Bids

### Rangeli Municipality

### Office Of the Municipal Executive

**Rangeli,Morang**
**Province No. 1, Nepal**

**Invitation for Electric Bids only for the Construction of Works**

**Date of publication: 24-10-2021(07/07/2078)**

1. ***Rangeli Municipality*** invites electronic bids only from Nepalese eligible bidders & applying the ***Construction Form, Company*** for ***Works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality, Rangeli, Morang, ***mailing address-rangelimun.gov.np,Mobile No -9817316031 and email address-er.rangelimunt@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submits their bid electronically only & may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank:-Agricultural Development Bank, Branch Office, Rangeli, Morang
   Name of Office : Rangeli Nagarpalika, Rangeli , Morang ,Office Account no.: Rajaswa (revenue) Shirshak no.Ga(1.1)0601401150257011, cost of bidding document :-3000.00.for NCB
4. Pre-bid meeting shall be held at Rangeli Municipality,Rangeli,Morang at 14/11/2021(28/07/2078) **0n 13.00hrs.**
5. Electronic bids must be submitted to Rangeli Municipality,Rangeli ,Morang through PPMO website www. bolpatra.gov.np/egpon or before 12.00 on 23/11/2021(07/08/2078). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend ***13.00,*** 23/11/2021(07/08/2078) at the office of ***Rangeli Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. **Information to deposit the Bid security in Bank:** Name of the Bank: **Agricultural Development Bank, Rangeli,Morang, Deposit no- Ga(3.1)0601401150257079.**Name of Office: ***Rangeli Nagarpalika, Rangeli, Morang.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of Works**

| S.No. | Contract Identification No. | Name of Project | Estimated Amount without Vat | bid security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | NCB/ Rangeli / works /19/078-79 | Construction of Samuhik Aabas Building, Rangeli-8,Chinagate ,Morang | **5194381.11** | **150000.00** | |
| 2 | NCB/ Rangeli / works /20/078-79 | Construction of Septic tank & Compound Wall at Public School , Rangeli -06 , Morang | **5629945.25** | **160000.00** | |

**Chief Administrative officer**

## सिदिङ्वा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**साब्लाखु, ताप्लेजुङ**
**१ नं. प्रदेश,नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति :२०७८।०७।०७**

यस कार्यालयको मिति २०७८/०५/०७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा E–Bid मार्फत आव्हान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका वोलपत्रदाताहरुबाट प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्तावहरु मध्ये मिति २०७८/०६/०६ गते खोलिएका वोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०७८/०६/२२ को निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका वोलपत्रदाताहरुको प्रस्ताव सारभुत रुपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ 'ङ' उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समयः २०७८/०७/१४ गते दिनको १२:०० बजे**
**स्थानः गाउँपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ ।**
**तपशिलः**

| S.N. | IFB Number | Name of Contract | Substantially responsive bidders in Technical Bid |
|---|---|---|---|
| 1 | SRMTPJ/NCB/Works/Road-2078/079-01 | Kartike-Salbote-Katuwal danda-Madibung-Limbudin-Mehele Sadak Bistar (Back Cutting, Drainage & Maintainance) | 1. Sewalung/Pahadi JV, Taplejung |
| | | | 2. Ashish Aashirbad Yogeshwor J.V. Triyuga-13, Udaypur. |
| | | | 3. Puspanjali/Chemjong/R.B. J.V. Panchthar |
| | | | 4. Dragon Akela JV, Kathmandu |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# एमाले रघुगंगा २ को अध्यक्षमा सुवेदी सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, ५ कात्तिक

नेकपा (एमाले) को दशौं राष्ट्रिय महाधिवेशन अन्तर्गत शनिबार मुलुकभर वडा स्तरका अधिवेशन सम्पन्न गरेको छ ।

वडा अधिवेशन अन्तर्गत म्याग्दी जिल्ला रघुगंगा गाउँपालिका वडा नम्बर २ मा प्रथम वडा अधिवेशन सम्पन्न भएको छ ।

अधिवेशनमार्फत ध्रुव सुबेदीको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कमिटी गठन भएको छ । नव निर्वाचित कमिटीको उपाध्यक्ष बालकृष्ण खत्री, उपसचिव मन बहादुर कार्की र रसिला परियार तथा सचिव अमृत भण्डारी रहेका छन् । त्यस्तै सदस्यहरूमा भेष बहादुर भण्डारी, कृष्ण केसी, मित्रलाल शर्मा, लक्ष्मी कार्की, रमेश परियार, मनोज खत्री, कला केसी, लीला भण्डारी, सन्तु भण्डारी, सुशीला केसी, ज्ञान बहादुर कार्की, विष्णु खत्री, भीम बहादुर कार्की, सुगम खत्री, मनोज दर्जी, गोपाल परियार, सुमन परियार, तोरण बहादुर केसी, रबी खत्री, भगवान् कटुवाल, अमर दर्जी लगायतका रहेका छन् ।

स्थानीय भगवतीस्थित वडाको सभा हलमा कमिटीका अध्यक्ष ध्रुव सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्ने वक्ताहरूले ३ वटा निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व नयाँ कमिटीको रहेको बताएका थिए ।

वडा कमिटीमा छुटेका प्रतिभावान् कमरेडहरूको लागि गाउँपालिकामा स्थान रहेको हुँदा पार्टीमा गरेको योगदानको अवमूल्यन नहुने बताएका थिए । अधिवेशनमा पालिका कमिटी सचिवालय सदस्य झलक आचार्यले स्वागत मन्तव्य राखेका थिए भने नवनिर्वाचित कमिटीलाई जिल्ला कमिटीका उपाध्यक्ष देवेन्द्र कटुवालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । एमालेको दशौं महाधिवेशन बागमती प्रदेशको चितवनमा आगामी मङ्सिर १० देखि १२ गतेसम्म सम्पन्न हुँदैछ ।


## UAE मा रोजगारको अवसर

कम्पनी : **TRIHAL EMPLOYAMENT**
शहरः ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०६/०४ | चलानी नं.: ६०१६३३५६ | LT. No.: 245933 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laboure | 200 | 0 | स. काममा दक्ष | 800 | २५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२३३६२, फ्याक्स: ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६

## BAHRAIN र SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : **BLACK & WHITE LAUNDRY W.L.L.** शहर: **BAHRAIN**
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५९०९ | L.T. No.: 249167

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 20 | 0 | स. काममा दक्ष | 120 | ३८,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **LULU MAINTENANCE, CLEANING & CONT. CO. W.L.L.** शहर: **BAHRAIN**
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५९०८ | L.T. No.: 248597

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 90 | 0 | स. काममा दक्ष | 100 | ३१,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **HASSAN LARI GROUP B.S.C.(C)** शहर: **BAHRAIN**
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५९०६ | L.T. No.: 248598

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४७,५५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gardener | 5 | 0 | | 120 | ३८,०४६ | | | | | | | |
| 3. | General Cleaner | 5 | 0 | | 100 | ३१,७०५ | | | | | | | |

४. कम्पनी : **AL BADR EST** शहर: **RIYADH**
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५९०७ | L.T. No.: 248596

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 3 | 0 | स. काममा दक्ष | 2200 | ७०,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : **TANQEEB ALKHALIJ EST. FOR GENERAL CONTRACTING** शहर: **RIYADH**
पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५९१० | L.T. No.: 249176

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
Exclusive Human Resource Company
**सुगम ओभरसिज प्रा. लि.**
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४३८६१०६, ४३८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

## सम्पादकीय

# अर्ली इलेक्सनको अनावश्यक बहस

'अर्ली इलेक्सन' को छलफल फेरि बहसमा देखिएको छ । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले नै यसबारे सोच्न सकिने र दलहरूबीच छलफल हुने संभावना रहेको बताए । प्रधानमन्त्री देउवाले नै यस्तो अभिव्यक्ति दिएपछि स्वभाविक रूपमा बहसको विषय बन्ने नै भयो । तर प्रधानमन्त्री देउवाको अभिव्यक्ति बिपरीत काँग्रेसकै बरिष्ठ नेता रामचन्द्र पौडेलले सार्वजनिक अभिव्यक्ति दिएका छन् । बरिष्ठ नेता पौडेलले अर्ली इलेक्सन नहुने बताए । उनले यो संसद् पूरा कार्यकाल चल्ने दावी गरेका छन् । काँग्रेसभित्र फरक समूहमा रहेकाले मात्रै देउवा र पौडेल बीच परस्पर विपरीत अभिव्यक्ति आएको होइन । अर्ली इलेक्सनको बहस बितेको वर्षदेखि नै चल्दै आएको छ ।

दुई पटक (५ पुस २०७७ र ७ जेठ २०७८) संसद् विघटन गरेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र उनी निकट नेताहरूले यसअघिबाटै अर्ली इलेक्सनको कुरा उठाएका थिए । असंवैधानिक कदम चालेर संसद् विघटन गरिएपनि एमाले नेताहरूले त्यसलाई अर्ली इलेक्सनको भाष्य दिन खोजेका थिए । तर दुवै पटकको संसद् विघटन सर्वोच्च अदालतले पुनर्स्थापना गरिदिएपछि एमाले नेताहरूको अभिव्यक्ति ओझेलमा पर्‍यो । अर्ली इलेक्सन नभएर असंवैधानिक संसद् विघटनकै भाष्य स्थापित हुन पुग्यो । तर फेरि प्रधानमन्त्री देउवाले नै यस्तो बहस अगाडि बढाएका छन् । प्रधानमन्त्री देउवा ओलीको कदमलाई मौन समर्थन गर्ने गने समेत हुन् । त्यसैले पनि उनको अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ ।

अर्कातिर प्रतिनिधिसभाले राजनीतिक निकास दिन नसक्ने भन्दै अडानमा एमाले नेतृत्व अडिग छ । गएको २३ भदौदेखि संसद् अवरोध गरिरहेको एमालेले प्रधानमन्त्री देउवाको प्रस्ताव स्वीकार गर्नसक्ने सोझो अनुमान गर्न सकिन्छ । तर बुझ्नुपर्ने तथ्य भने अहिले अर्ली इलेक्सनको आवश्यकता देखिन्न । एक त संसद्ले बहुमतको सरकार बनाउने स्थिति छ, बहुमत गठबन्धनका देउवा प्रधानमन्त्री हुन् । अर्कातिर मुलुक कोरोना महामारीको असामान्य परिस्थितिबाट मुक्त हुन सकिरहेको छैन । अर्थात् एकातिर संसदको बहुमतबाट बनेको सरकार कायम छ भने अर्कातिर मुलुक असामान्य परिस्थितिबाट बाहिर निस्कन सकेको छैन । यस्तो बेला अर्ली इलेक्सनको प्रस्ताव र बहस दुवै असान्दर्भिक छ । नियमित निर्वाचन संवैधानिक प्रावधान समेत हुन् ।

## सामाजिक सञ्जाल



बंगलादेशमा हिन्दु समुदायमाथि भएका विभेद, दमन र हिंसाका घटना आपत्तिजनक छन् । धार्मिक अतिवाद जुनसुकै धर्म, देश र राज्यमा मानवता विरोधी अपराध हो । अफगानिस्तानमा तालिवानको उदय र बंगलादेशका घटनापछि नेपालको चासो र सतर्कता बढ्नु पर्छ । ती घटनाको आडमा यहाँ असहिष्णुता बढाउने प्रयास नहोस् ।

**- डम्मर खतिवडा**



अल्पसंख्यकहरू माथिको दमन मानवअधिकार उल्लघंनको चरम अवस्था हो । नेपालले जुनसुकै धर्म र जातिमाथिको अत्याचारलाई निन्दा गर्नुपर्छ । अझ अन्यत्रका हिन्दुहरूले नेपाल र भारतबाट ऐक्यवद्धता खोज्दछन् । बुद्ध धर्मावलम्बीहरूले पनि नेपालबाट साहरा खोज्दछन् । नेपालले मानवअधिकारको पक्ष लिनुपर्छ सदा ।

**- तारानाथ दाहाल**




जब मुलुकको राजनीति यति खराब र विकृत हुन्छ भने त्यसमा कुन निकाय चोखो, निष्पक्ष र निष्ठावान हुने कल्पना गर्न सकिन्छ र ! सच्याउनुपर्ने राजनीति हो, हामी बोक्रे र खोक्रा कुरा गरेर दलका पिछ्लग्गू बन्छौं । अनि यो रोग सबैतिर फैलदैंन भन्ने कल्पना कसरी गरौं, यथार्थमा कोही प्रवेश नगर्ने ?

**- पुष्पराज आचार्य**



ओली सरका मन्तव्यमा मनोरञ्जक तत्व यसरी बढ्दो छ, हाँस्दा मेरो त दशैंमा पेटमा लागेको बोसो नै पग्ल्यो । १० बुँदे कमरेड भूषाल–रावलको एकतारे ट्याउँट्याउँदेखि गिनिज बुकमा ओलीय पराक्रमको बिगबिगी, राम राम ! हास्यरसमा ओलीय कमालले गर्दा हास्य–हस्ती मनोज गजुरेल बेरोजगार हुने खतरा भो त !

**- खगेन्द्र संग्रौला**



एमसीसीको छालले यस्तो प्रेसरमा परेका छन् नेताहरू गर्धनमा तरवार झुण्ड्याएर हिडेका छन् । यो लगानी अस्वीकार गर्न उनीहरूको बहसमा छैन किनकी एक चौथाइ रकम यिनिहरूले विभिन्न शीर्षकमा निकाली खल्ती भरिसकेका छन् । प्रधानमन्त्री स्वयंले यो एमसीसीको दस्तावेज पढेका छैनन् ।

**- विष्णु पोखरेल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# आन्दोलन र जनताका मुद्दा

*कम्युनिष्ट क्रान्तिकारीहरुले आफुलाई नढाँटी भित्रैदेखि भन्दै आएको कुरा, आत्मगत शक्ति कमजोर छ । तर यसरी कमजोर हुनुको पछाडी केही कारण पनि छन् । त्यो कारण भनेको के हो त ? त्यो कारण भनेको आन्दोलनभित्र लुकीछुपी घुसेका प्रतिक्रियावादी, दक्षिणपन्थी अवसरवादी तथा बुजुर्वाहरुको क्रान्ति विरोधी सोंच र तिनका अवाञ्छनीय गतिविधि हुन् ।*



● पुष्प गोपाल श्रेष्ठ

माओवादी जनयुद्धको शुरुवातदेखि २५/२६ वर्षको समयावधिभित्र देशभित्र थुप्रै सुयोग्य नेता तथा कार्यकर्ताहरुलाई सैद्धान्तिक एवम् व्यवहारिक रुपमा प्रशिक्षित भएका छन् । जसले गर्दा राजनैतिक र सांस्कृतिक क्षेत्रमा अझ क्षेत्रमा काम गर्न सक्ने सुयोग्य काडरहरुको एउटा खाका तयार भएको छ। तर, क्रान्तिकारी संघर्षको विशाल लक्ष्य र उद्देश्य धान्नको निम्ति यो खाका अझै आवश्यक मात्रामा दरिलो भइसकेका छैनन् ।

कम्युनिष्ट क्रान्तिकारीहरुले आफुलाई नढाँटी भित्रैदेखि भन्दै आएको कुरा, आत्मगत शक्ति कमजोर छ । तर यसरी कमजोर हुनुको पछाडी केही कारण पनि छन् । त्यो कारण भनेको के हो त ? त्यो कारण भनेको आन्दोलनभित्र लुकी छुपी घुसेका प्रतिक्रियावादी, दक्षिणपन्थी अवसरवादी तथा बुजुर्वाहरुको क्रान्ति विरोधी सोंच र तिनका अवाञ्छनीय गतिविधि हुन् । जस्तो कि कुनैपनि जिवानुको शरीरभित्र रोग पालेर त्यो तन्दुरुस्ती हुँदैन र हुन सक्दैन । तन्दुरुस्ती हुन सर्वप्रथम शरीरभित्र रहेको रोगको पहिचान गरी, आवश्यक उपचारको विधि अपनाउनु जरुरी हुन्छ र त्यसपछि बल्ल तन्दुरुस्ती हुँदै आउँछ । त्यसरी नै आन्दोलनका प्रत्येक जिम्मेवार नेताहरु यस मानेमा गम्भिर हुनैपर्छ र जिम्मेवारी पूर्णढङ्गले सोंचविचार पुऱ्याई त्यस्ता कुतत्वहरु कतै लुकिछिपी बसेका त छैनन् भनी सुक्ष्म तरिका अपनाई खोजतलास गरी निर्मूल गरी पठाउनु अत्यावश्यक छ।



नेपालमा विकसित राजनैतिक माहोलका आफुलाई मूल नाइके भन्न रुचाउने नेपाली कांग्रेसको पृष्ठभूमिलाई लिएर भन्ने हो भने खुलेआम दलाली प्रवृत्तिमा हुर्की बढी आएको मौजुदा स्थितिले देखाउँदै आएको छ भन्दा फरक नपर्ला । वर्तमान स्थितिमा नेपालको राज्यसत्तामा वहाली रही आएका नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको मक्सद स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपालको स्वाभिमान र सोहार्दता कायम रही आएको गौरवमय इतिहासलाई नष्ट गरि, राष्ट्रघाती अमेरिकी मिलेनियम च्यालेन्ज (एमसीसी) परियोजना हरहालतमा पास गरी नेपालीलाई दासदासी बनाउने रहेको पाइन्छ। हुनतः यो एमसीसी परियोजनाको सम्झौता पत्रमा चार वर्ष अघि यी नै शेरबहादुर देउवा नेतृत्वको सरकारका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सगौरव आँखा चिम्लेर हस्ताक्षेर गरिभ्याई सकेका छन् । भने अहिले आएर उही एमसीसी सम्झौतालाई संसदबाट अनुमोदन गर्न गराउन, भन्नु नै पर्दा सिंगो पार्टी मौनधारण गरी सभापति शेरबहादुर देउवाको सोंच र क्रियाकलाप प्रति एकजुटभई लागि पर्न थालेको छनक अनुभूति हुन आएको छ। त्यसो त नेपालका देशभक्त स्वाभिमानी आम नेपाली जनसमुदायसामू यिनिहरुको दलाली हरकत कुने हालतमा पनि सफल हुनेवाला छैन । खासमा भन्नु नै पर्दा यस्ता दलाली प्रवृत्तिका मूल नाइके र त्यसका पिछलग्गुहरु जनताले अवश्य कारबाही गर्नेछन् ।

देशको वर्तमान स्थितिमा राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु सँगै जनताको व्यवस्था ल्याउनको लागि क्रान्तिकारी आन्दोलनको संगठन गर्नु र आम-जनताको जीवनमा सुधार ल्याउनु क्रान्तिकारी आन्दोलनका प्रमुख अभिभारा हुन् । यस मानेमा क्रान्तिकारीहरुभित्र जान-अनजानवस रही आएको नोकरशाही प्रवृत्ति तथा हुकुमवादी सोंच (तरिका)लाई हाम्रो वरिपरि कहिँ कतै कुना-काप्चामा लुकिछिपि बस्न सक्ने स्थितिसम्मलाई कडाइका साथ निषेध गरी गलहत्याई पठाउनु पर्छ । र आम जनतासँग नङ्ग र मासु झैं घनिष्टता कायम गरी न्यानो मायाका साथ घुलमेल भई व्यावहारिक तथा ठोस कार्यतरिका अपनाई दुनिया सामू जल्दो बल्दो उदाहरण भई उभिनु पर्दछ ।

> “देशको वर्तमान स्थितिमा राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु सँगै जनताको व्यवस्था ल्याउनको लागि क्रान्तिकारी आन्दोलनको संगठन गर्नु र आम-जनताको जीवनमा सुधार ल्याउनु क्रान्तिकारी आन्दोलनका प्रमुख अभिभारा हुन् । यस मानेमा क्रान्तिकारीहरुभित्र जान-अनजानवस रही आएको नोकरशाही प्रवृति तथा हुकुमवादी सोंच (तरिका)लाई हाम्रो वरिपरि कहिँ कतै कुना-काप्चामा लुकिछिपि बस्न सक्ने स्थितिसम्मलाई कडाइका साथ निषेध गरी गलहत्याई पठाउनु पर्छ ।

यस्तो जटिलतम् स्थितिबाट देशको राष्ट्रिय स्वाधिनता, भू-अखण्डता तथा सार्वभौमिताको रक्षा, जनगणतन्त्र र जनजिविकाको सवाललाई लिएर सशक्त र जुझारु ढङ्गले अगाडि बढाउन सम्पूर्ण आवश्यक विषयवस्तु तयारीका साथ आमजनतालाई परिचालन गर्न पहलकदमीको निम्ति कत्ति पनि ढिला नगरी सक्रियता अपनाउन आवश्यक छ । क्रान्तिकारीहरुले अत्यन्तै महत्वका साथ बुझ्नुपर्ने कुरो, जनताको सहभागिता बिना अरु जस्तो जेसुकै र जतिसुकै तयारीका साथ क्रान्तिलाई हाँक्न पुगेतापनि त्यो क्रान्तिको नाउँमा अरुलाई मात्र हैन आफुले आफैंलाई समेत ढाँट्नु र छल्नु सिवाय अरु केही होइन र हुनसक्दैन । आम-जनतालाई संचालित गरेर र उनीहरुमाथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ ।

कम्युनिष्ट क्रान्तिकारीहरु बिलकुल भ्रममा पर्नु हुँदैन, फलामको सच्चा किल्ला के हो त भने त्यो शोषित पीडित आम जनता हुन । आन्दोलनलाई साँचिकै र दिलैदेखि समर्थन गर्ने लाखौं करोडौं जनता हुन । त्यो यस्तो सच्चा फलामे किल्ला हो, जसलाई विश्वका मैहुँ भन्ने बडेबडेमानका तानाशाहाहरुले मात्र हैन, त्यस्ता कुनै पनि शक्तिले कुनै हालतमा पनि ध्वस्त पार्न सक्दैन । प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न सक्दैन, बरु यसको उल्टो, हामीले त्यसलाई ध्वस्त पार्ने छौं । करोडौं जनतालाई आन्दोलनको वरिपरी एकत्रित पारेर र आफ्नो आन्दोलनको प्रसार गरेर हामीले सम्पूर्ण प्रतिक्रान्तिलाई मिटाउने छौं र सिंगो नेपाल माथि बिजय प्राप्त गर्ने छौं र पूर्ण अधिकार जमाउने छौं । क्रान्तिकारीहरु अत्यन्तै जिम्मेवार बनि विवेकपूर्ण ढंगले जनताको भलाईको समस्यालाई क्रान्तिकारी आन्दोलनको समस्यासित गाँसेर क्रान्तिकारी कार्य तरिकाको समस्या र आफ्नो क्रान्तिकारी अभिभारा पूरा गर्ने समस्या सबैको एकसाथ समाधान गर्न खुब ध्यान दिएर शुद्ध दिलले आफ्नो क्रान्तिकारी उतरदायित्व बहन गर्न सक्नु पर्दछ ।

खास अर्थमा यसलाई यसो भन्दा सही हुन्छ - आन्दोलनको वर्तमान कार्यक्रम (अभियान) को उद्देश्य भनेको नै दास मनोवृत्ति भत्काएर जडसुत्रवादी सोचलाई माटोमा गाड्नु हो । अन्धभक्ति तोड्न, हाम्रो विचारधारात्मक स्तर उकास्न, अनुभवद्वारा सिकिएको पाठहरुलाई जाँचपरख गर्न, महान बिचारहरुलाई उठ्न दिएर र महान रुपमा फुल्न दिएर शुद्धिकरणको विधि प्रयोग गर्नु हो । न्यायप्रेमी स्वतन्त्रकामी तमाम् जन-समूदायलाई एकीकृत गरी जनताको पक्षमा आन्दोलन चलाउन सक्छौं । नेपाली भू-राजनीतिको मौलिकतामा आधारित रहि आन्दोलनलाई उत्सर्गमा पुऱ्याउनु सक्छौं । जनताको आवश्यकता र आकांक्षा अनुरुप राज्य व्यवस्था निर्माण गरी यसैमार्फत वैज्ञानिक समाजवाद हुँदै साम्यवाद तिर पुग्न सक्छौं ।

(**लेखक श्रेष्ठ नेकपा** (**क्रान्तिकारी माओवादी**) **पार्टीमा आबद्ध छन् ।**)

# एमसीसी र सत्ता राजनीति

*अराजक राजनीतिकर्मीहरुले प्रयास जति गरे पनि गोलचक्करमा फँसाइएको राजनीति सरल तरिकाले सहज बन्न सक्दैन । यिनले गरेका गल्तीको परिणाम देशले भोग्नुपर्छ ।*



● उपेन्द्र झा

एमसीसी पास हुने सम्भावनालाई बुझेर चीनले एक खर्ब ६० अर्बको सहयोग नेपाललाई दिने वाचा गरेको छ । मागेर खाने भिखारी संस्कारमा हुर्केका राजनीतिकर्मीहरुको नैतिकता, स्वाभिमान बन्धकी रहेको अवस्थामा कुन सहयोग लिने, कुन नलिने विवेक मरेको हुन्छ । सहयोग गर्ने दातृ राष्ट्रहरुले कुन नियतबाट प्रेरित छन् भन्ने कुराको कुनै जानकारी नराख्ने यिनी रोबोट जस्तै संचालित हुन्छन् । एमसीसी परोपकारको भावनाबाट प्रेरित छ कि नेपालमा आफ्नो प्रभुत्वको अड्डा जमाउने प्रपञ्ची चाल ? यसबारे पनि अनभिज्ञ रहेको यो सरकार एमसीसीको विरोधमा उठेको जनआवाजलाई सम्बोधन गरीदिन अमेरिकालाई नै आग्रह गरेको छ ।

दक्षिण एशियामा चीनको बढ्दो शक्तिलाई रोक्न ल्याइएको इण्डो प्यासिफिक तथा त्यसैको अङ्गको रुपमा रहेको एमसीसी हो भन्ने कुरा अमेरिकी विदेश मन्त्रालयका अधिकारीहरुले सार्वजनिक गरिसकेको खण्डमा दलाल मानसिकताका उच्च पदस्थ कर्मचारी तथा राजनीतिकर्मीहरुले सफाईमा कुनै कुरा भन्नु अर्थहीन नै हुन्छ । नेपाल गरीब देश हो र यसलाई विकासोन्मुख राष्ट्रमा रुपान्तरण गर्न परोपकार भावनाको सहयोग हो भने त्यसमा यस्ता खतरनाक शर्तहरु हुँदैन । अपरिवर्तनीय एमसीसीका शर्तहरु निश्चय पनि शक्तिकेन्द्रको बदनियतीलाई दर्शाउँछ ।

केपी ओली नेतृत्वको तत्कालिन सरकारले एमसीसी पास गराउन निकै प्रयास गरेको थियो । फलतः दुई तिहाइको ओली सरकारको पतन मात्र भएन नेकपा (एमाले) तीन चिरा भयो । जसपा पनि दुई टुक्रामा बाँडियो । एमसीसी पास गर्न बडो चमत्कारी ढंगले सरकार परिवर्तन भयो । विडम्बना के रह्यो भने चमत्कारी ढंगले घटेका यी घटनाहरुका कारण पात्र एक गोलचक्करमा फँसेको राजनीति अर्कालाई देखाइयो । प्रचण्ड, नेपाल भर्सेस केपी ओली उपेन्द्र यादव भर्सेस महन्थ ठाकुरको पारस्परिक बैमनस्यता दिनानुदिन स्तरहीन बन्दै जानु नेताहरुमा राजनीतिक ज्ञान कति छ त्यसै स्पष्ट हुन्छ । स्थिर राजनीतिलाई तरलीकृत बनाउने चमत्कारी प्रयासलाई नबुझ्नेहरु कसरी देश हाँक्ने ? चार वर्षदेखि एमसीसीले नेपालमा कार्यालय खोली अर्बौं कुम्ल्याएका नेपाली कर्मचारी, नेपाल सरकार एमसीसी पास नहुने अवस्थामा के गर्ने ? अमेरिकी सहयोगको तीन गुणा बढी चीनले सहयोग गर्ने अवस्थामा भिखारी मानसिकता परिवर्तन हुने सम्भावना पनि बढी छ ।

> “चार वर्षदेखि एमसीसीले नेपालमा कार्यालय खोली अर्बौं कुम्ल्याएका नेपाली कर्मचारी, नेपाल सरकार एमसीसी पास नहुने अवस्थामा के गर्ने ? अमेरिकी सहयोगको तीन गुणा बढी चीनले सहयोग गर्ने अवस्थामा भिखारी मानसिकता परिवर्तन हुने सम्भावना पनि बढी छ ।

नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), जसपा, लोसपाको समर्थनमा बनेको शेरबहादुर देउवाको नेतृत्वको सरकारले पूर्णता पाउन झण्डै तीन महिना लाग्यो । तीन/तीन महिनासम्म मन्त्रिपरिषद् विस्तारमै अल्झिने सरकारले देशमा स्थिरता कसरी कायम गर्न सक्थ्यो र ? संसदमा नेकपा (एमाले) को रोष्टम घेर्ने निरन्तर कार्यक्रमले सरकारलाई असफल गराउने नियत स्पष्ट छ । केपी शर्मा ओली आफूलाई एमसीसीको पक्षमा देखाए पनि नेकपा एमाले एमसीसीको विपक्षमा नै देखिएको छ। यही हाल नेकपा माओवादीको छ। जसपाका अध्यक्ष पूर्णतया चीनको प्रभावमा रहेको तथा संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई एमसीसीको वकालत गरिरहेकोले अन्ततः जसपा एमसीसीको विरोधमै जाने सम्भावना छ ।

एमसीसीको विरोध जन धरातलमा पुगिसकेकोले सरकार चाहेर पनि संसदमा टेबुल गर्न सक्दैन । एक अर्कालाई समाप्त पार्ने विध्वंशक बुद्धि राख्ने राजनीतिकर्मीहरु निर्माण भन्दा विध्वंशमा बढी विश्वास राख्दछ । केपी शर्मा ओलीको पतनमा किन हटे त्यसको समीक्षा गर्नुपर्नेमा किन हटायो भन्ने रिसले ओलीलाई प्रतिक्रियात्मक अवस्थामा ल्याएको छ। शेरबहादुरको पतनमा नै आफ्नो उदय देख्ने केपी ओली विस्तारै शेरबहादुर देउवालाई संघर्ष र वार्ताको भुलभुलैयामा जाँकेको देखिन्छ ।

विपक्षबाट संसद घेरेर असहयोगको अवस्था त छँदैछ, आफ्ना गठबन्धनबाट पनि सहयोग हुने आश देखिँदैन । नेपाली कांग्रेस पार्टीमा पनि शेरबहादुर देउवा घेराबन्दीमा परेको छ । यसरी चारैतिरबाट असहयोग भए शेरबहादुर देउवाको सरकार टिक्न गाह्रो छ । केपी ओली देउवा सरकार पतन गराएर पुनश्चः देउवासँगै मिलेर सरकार बनाउन आन्तरिक मनसाय राखेको अनुमान गरिन्छ । वैदेशिक सहयोगमा बाँच्ने परजीवी राजनीतिकर्मीहरुले कहिल्यै पनि शासन विधि, प्रणालीमा रहेका दुष्प्रवृत्तिहरुलाई हटाएर इमान्दारी, आदर्श, निष्पक्षता, सेवाभाव, अनुशासन आदि गुणहरुलाई स्थापित गरेन । छल, प्रपञ्च, जाल, फरेब, धोकालाई राजनीतिक योग्यताको मापदण्ड बनायो । संघर्षबाट आउने शक्तिहरुलाई पनि सोही अनुसार रुपान्तरण गरे । अर्थात् इमान्दारीपूर्वक देश र जनताको हितको कामको विपरीत निजी स्वार्थ पूरा गर्न रमाए । जतिसुकै उत्कृष्ट संविधान लेखेपनि भ्रष्ट आचरणका राजनीतिकर्मीहरुको जमातले देशमा कुनै गुणात्मक परिवर्तन दिन सकिदैन ।

दरिद्र मानसिकताका भ्रष्ट राजनीतिकर्मीहरुले अब राजनीतिक स्वरुप फेरेर तस्कर, माफिया बनेर सत्ता कब्जा गरेका छन् । सत्ता कब्जा गरेर मूल शासकको रुपमा सत्ता संचालन गर्ने तथा देशको ढुकुटीमाथि रजाइँ गरी संसारलाई देखाएर आत्मतुष्टि लिनेहरुले तीन दशक बिताएर पनि देश विकास गर्न नसकेको अवस्थामा यी शासकहरु टिक्ने कि नटिक्ने परिस्थितिले विस्तारै देखाउने नै छ ।

वैदेशिक सहयोग लिएर रमाउने कथित राजनेताहरुले नेपाललाई शक्ति केन्द्रहरुको “प्ले ग्राउण्ड” बनाएको छ । एमसीसी पास भएको छैन, त्यसको पूर्वाधार निर्माण कार्य धमाधम भइरहेको छ। व्यावहारिक रुपमा ४ वर्षदेखि एमसीसी आफूलाई नेपालमा स्थापित गरिसकेकोले अब सैद्धान्तिक सहमति दिनुपर्ने कुनै पनि सरकारको बाध्यता बनेको छ । शेरबहादुर देउवाको आगमन पनि एमसीसी पास गराउन गराइएको हो । शेरबहादुर देउवा सरकारमा रहेका गठबन्धनका दलहरु ओलीको मन नपर्ने दलहरु रहेकाले ओली यस दल-दलबाट शेरबहादुर देउवालाई बाहिर ल्याउन रणनीति लिएको छ । सुरुवातीदेखि नै सरकार संचालनमा व्यवधान रहेकोले देउवा पनि ओलीसँग नै सरकार बनाउनै सोचमा देखिनु स्वाभाविक हो ।

# ताइवानबारे सम्हालिएर बोल्न चेतावनी

**काठमाडौं/एजेन्सी-** चीनले ताइवान मामिलामा कुनै पनि सम्झौता या छुट दिने कुनै ठाउँ नरहेको बताएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले यसअघि चीनले हमला गरेमा अमेरिकाले ताइवानको रक्षा गर्ने बताएका थिए । बाइडेनको उक्त अभिव्यक्तिको जवाफ दिदैं चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले ताइवानका विषयमा बोल्दा अमेरिकाले शब्द चयनमा सतर्कता अपनाउनुपर्ने बताए ।

उनले ताइवानका विभाजनकारीलाई गलत संकेत दिन नहुने बताए । यस्तो अवस्था निर्माण भएमा अमेरिका र चीनको सम्बन्धमा क्षति पुग्ने र ताइवानमा शान्ति तथा स्थिरता भंग हुनसक्ने बताए । 'ताइवान चीनको अविवादित अंग हो । ताइवानको मुद्दा पुरै रुपमा चीनको आन्तरिक मामिला हो र यसमा कुनै पनि विदेशी दखलका लागि अनुमति छैन,' नियमित प्रेस बिफ्रिङका क्रममा उनले भने ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले चीनले हमला गरेमा अमेरिकाले ताइवानको रक्षा गर्ने बताएका थिए । अमेरिकी राष्ट्रपतिलाई के तपाईहरु ताइवानको रक्षा गर्नुहुन्छ भनेर सोधिएको थियो । जवाफमा बाइडेनले भने, 'हो, हामी यसका लागि प्रतिवद्ध छौं ।'

भर्खरै चीनले परीक्षण गरेको हाइपसोनिक मिसाइलको प्रसङ्ग जोड्दै अमेरिकी न्युज च्यानल सीएनएनको टाउनहल कार्यक्रममा एक सहभागीले बाइडेनलाई चिनियाँ सेनाको सामना कसरी गर्नुहुन्छ भनेर पनि सोधेका थिए । जवाफमा बाइडेनले भने, 'हो, उनीहरु मजबुत हुँदैछन् । तर यसैलाई लिएर निराश हुनुपर्ने अवस्था छैन । किनकी, चीन, रुस र बाँकी दुनियाँलाई विश्व इतिहासकै सबैभन्दा शक्तिशाली सेना हामीसँग छ भन्ने थाहा छ ।'

ताइवानको राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै कसैको दबाबमा नझुक्ने र कसैको समर्थन मिल्दैमा हतारोमा कुनै कदम नचाल्ने प्रतिक्रिया दिएको छ । ताइवानका राष्ट्रपतिका प्रवक्ता जेवियर चेंगले भने, 'ताइवानले बलियो रुपमा आत्मरक्षा गर्नेछ ।' बाइडेन प्रशासनले लगातार ताइवानलाई ठोस समर्थन दिइरहेको चेंगले बताए ।

चीन र ताइवानबीच दशकौंदेखि तनाव छ । १९४० को दशकमा भएको गृहयुद्धका दौरान चीनबाट ताइवान अलग भएको थियो । ताइवानले आफुलाई स्वतन्त्र देश मान्ने गरेपनि चीनले यसलाई आफ्नो स्वायत्त प्रान्तका रुपमा हेर्छ । उसले आवश्यकता परेका बेला बल प्रयोग गरेर यस प्रान्तलाई नियन्त्रण लिन सकिने जनाएको छ ।

## Konjyosom Rural Municipality
### Office of The Rural Municipal Executive
Chaughare, Lalitpur
Bagmati Province

### Invitation for e-Bids

**First Date of publication: 2021-10-24 00:00**
**Last Deadline for Submission bid document: 2021-11-23 12:00 (noon)**
**Bid Opening Date: 2021-11-23 1:00 PM**

1 *Office of The Rural Municipal Executive Konjyosom, Lalitpur* invites electronic bids from Nepalese eligible bidders for the contract named below:-

| SN | Contract Identification No | Work Description / Name of the project | Estimated Amount With VAT & PS (NRs) | Bid Security Amount NRS | Bid Purchasing Fee in NRs |
|---|---|---|---|---|---|
| *1* | KRMC/W/ NCB/04/078/079 | **Construction and Maintenance of Konjyosom Rural Municipality Office** | *51,01,579* | *1,50,000* | *3000.00* |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of The Rural Municipal Executive Konjyosom,Lalitpur, konjyosom2075@gmail.com, 9851311077*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: **Sanima Bank , Konjyosom**
Name of Office: ***Office of The Rural Municipal Executive Konjyosom,Lalitpur***
Revenue Account name:- **GA-1.1 AANTARIK RAJASHWA KHATA**
Office Revenue Account no.**: 066010040000013**

4. Pre-bid meeting shall be held at ***Office of The Rural Municipal Executive Konjyosom,Chaughare, Lalitpur*** at ***2021-11-14 at 1 pm.***
5. Electronic bids must be submitted to ***Office of The Rural Municipal Executive Konjyosom,Chaughare,Lalitpur*** through PPMO website ***www.bolpatra.gov.np/egp*** on or before **2021-11-23 12 (noon) .** Bids received after this deadline will be rejected.
6. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2021-11-23 at 1 pm*** at the office ***Office of The Rural Municipal Executive Konjyosom, Lalitpur***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***mentioned above in table*** which shall be valid for 30 days beyond the validity period of the bid .The bidder who wishes to submit the Bid security in the form of cash , bidders has to deposit cash in **Sanima Bank Konjyosom Branch** ,account named **GA-3 KONJYOSOM GA.PA. DHARAUTI KHATA** WITH Account no. **066010020000003.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever .
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act,2063 and public procurement regulations , 2064 and other prevalling rules and regulations.

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
## Federal project implementation Unit
Morang

### Invitation for E-Bid

**First Date of Publication: 2078/07/07 (24th October 2021)**
**IFB NO: NCB/05/2078-79**

**Federal Project Implementation Unit (FPIU) Morang** invites E-Bid from eligible bidders for following works under National Competitive Bidding**.** All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp**. Eligible bidders are requested to submit **E-Bid** with the required documents within the period mentioned in E-bid document.

| Contract No. | Descriptions of Works | Minimum Bid security NRs. | Price of Bid Document- NRs. | Bid Submission Deadline |
|---|---|---|---|---|
| FPIU/Morang/ Works/ NCB/20-2078-79 | Improvement of road from Barahchhetra-10 Bista house south to Sigdeltol Sukhchaina nahar upto Bhokraha Narsingh in Sunsari. | 3,26,000.00 | 3,000.00 | **2078/08/07 (23rd November 2021)** |
| FPIU/Morang/ Works/ NCB/21-2078-79 | Improvement of road from Mathillo Jamtoki to nayapul in Barachhetra- 4, Sunsari | 4,35,000.00 | 3,000.00 | **2078/08/07 (23rd November 2021)** |
| FPIU/Morang/ Works/ NCB/22-2078-79 | Improvement of road from Ramdhuni -4, Shehrakhola along ramdhuni road from Ramjanki Mandir-Majhi-Sikdar tol upto Ramdhuni Temple in Sunsari. | 3,26,000.00 | 3,000.00 | **2078/08/07 (23rd November 2021)** |
| FPIU/Morang/ Works/ NCB/23-2078-79 | Construction of drain Works in Dharan-4, Sunsari. | 2,42,000.00 | 3,000.00 | **2078/08/07 (23rd November 2021)** |
| FPIU/Morang/ Works/ NCB/24-2078-79 | Improvement of Shikharbas road & drain in Dharan 4, Sunsari. | 2,42,000.00 | 3,000.00 | **2078/08/07 (23rd November 2021)** |

**Project chief**

## दुधौली नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८/०७/०७**

यस दुधौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७८/०७९ अन्तर्गत Construction of Snake Bite Treatment Centre का लागि प्रकाशित सूचना ठेक्का नं. DMUN–04–078/79 को आशय पत्रको सूचना http://www.dudhaulimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा रोजगारको अवसर
कम्पनी: **THE SPECIALIZED ASSEMBLY CO.** शहर: **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ चलानी नं.: ६०१६५९४७ LT. No.: 248318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
साबिकः Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

## साउदीमा रोजगार
१. कम्पनी: **AHMED AL HLAYEL AKRASH AL KADAAMI AL ANZI FACTORY FOR VEGETABLE OILS** शहर: **JEDDAH**

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ चलानी नं.: ६०१६५९४१ LT. No.: 248561

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **MOHAMMED ABDULLAH AL-TAMIMI CONTRACTING EST.** शहर: **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ चलानी नं.: ६०१६५९४० LT. No.: 248560

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Laborer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: **MOHAMED IHSAN MAHMOUD ABDEL HAI AREF RESTAURANT.** शहर: **JEDDAH**

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ चलानी नं.: ६०१६५९४२ LT. No.: 248284

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chief Assistant | 3 | 0 | | 1500 | ४७,८०५ | | | | | | | |

४. कम्पनी: **TAZEZ ADVANCED INDUSTRIAL CO LTD** शहर: **KSA**

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ चलानी नं.: ६०१६५९३९ LT. No.: 248559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।**


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


LUCKY H.R. Solution Pvt. Ltd. श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

## जापानमा वैदेशिक रोजगारको अवसर
कम्पनी : **ER PLUS COOPERATIVE ASSOCIATION** शहर : **SHINSAKURA**

पूर्व स्वीकृत मितिः २०७८/०७/०३ चलानी नं.: ६०१६५९४६ Lt. No.: 248615

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 170000 | १,७८,५०० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : निःशुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।


**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

श्रम इजाजत नं.: ८८०/०६७/०६८
**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

# बक्स अफिस समाचार

कलिउडमा आफ्नो छुट्टै पहिचान बनाइसकेका नायक पुष्ट बहादुर घिमिरेले आधा दर्जन सफल चलचित्रमा काम गरिसकेका छन् । हालका ब्यस्त नायक घिमिरे यतिबेला नयाँ निमार्णाधीन चलचित्रको गृह कार्यमा लागिपरेका छन् । नायक घिमिरेले 'लुट कम्पनी', 'सरकार', 'बुलेट', 'प्राणभन्दा प्यारो' लगायतका चलचित्रमा काम गरिसकेका छन् भने चलचित्र 'श्रृंगार' र 'अशोका'मा उनको जोडदारको भूमिका रहेको छ । नायक घिमिरे चलचित्र 'अशोका'मा अशोकाको भूमिकामा देखिने छन् । मृदुभाषी युनिटमा सहज उपस्थिति जनाउन सिपालु घिमिरे निर्माताहरूको पहिलो रोजाइको कलाकार हुन् । कथावस्तु चयन, मौलिकपन र अभिनयमा पोख्त नायक पुष्ट बहादुर घिमिरेले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

## 'टिमले जिम्मेवारी महसुस गऱ्यो भने चलचित्र राम्रो बनाउन सकिन्छ'



**पुष्टबहादुर घिमिरे**, नायक

**केमा ब्यस्त हुनुहुन्छ ?**

केही समय दशैं मनाउनमा ब्यस्त भैयो । दशैं लगतै निर्माण हुने भनिएको चलचित्रको स्क्रिप्ट अध्यायनमा पनि ब्यस्त छु ।

**तपाईंको नयाँ चलचित्र प्रदर्शनमा आउने क्रममा छन् कि ?**

अहिले तत्काल त्यस्तो केही छैन । विविध कारणले केही चलचित्र प्रदर्शनमा आउन सकिरहेको छैन । अब माहोल केही समान्य बन्दै आइरहेको छ । आशा गरौं चाडै नै प्रदर्शनमा आउने छ ।

**नेपाली चलचित्र क्षेत्रलाई कसरी हेरिरहनु भएको छ ?**

नेपाली चलचित्रको कुरा गर्नुपर्दा कहिले केले कहिले केले प्रभाव पारि नै रहेको हुन्छ । पछिल्लो अवस्थाको कुरा गर्ने हो भने कोरोना भाइरसका कारणले नेपाली चलचित्र क्षेत्र थला परेको छ । महाभूकम्प पछि बिस्तारै बिउँतिन थालेको चलचित्र क्षेत्र कोभिडले थला पारिदियो । केही चलचित्र चल्न थालेका थिए । तर, पछिल्लो करिब दुई वर्षयता देशमा लागेको लकडाउन खुकुलो भएपनि त्यसको प्रभाव हटेको छैन । चलचित्र प्रदर्शनमा आएपनि हलमा दर्शक पुग्न सकिरहेका छैनन् । चलचित्र निर्माणमा प्रतिस्पर्धा थियो, अहिले त्यो बाताबरण छैन । बिस्तारै यसमा सुधार हुने आशामा छु ।

**हल खुले पनि निर्माताले नयाँ सिनेमा दिएनन् भन्छन नि ?**

कुनै पनि व्यवसायमा फाइदा देख्दैन भने उसले आफ्नो सामान बजारमा पठाउँदैन । सरकारले हल सञ्चालनमा अनुमति दिएपनि हल सञ्चालकहरुको अवस्था भने सहज बन्न सकेको छैन । दर्शक हलसम्म पुग्न सकिरहेका छैनन् । दर्शक नभएपछि कसरी लगानी उठ्छ भन्ने चिन्ता लगानीकर्तालाई हुने नै भयो । यस्तो अवस्थामा पनि 'डाँडा पारीको वरपिपल' र अर्को एक चलचित्र प्रदर्शनमा आएकै हो । दर्शक हुनु वा नहुनु अलग कुरा हो । लामो समय हल बन्द हुँदा दर्शकहरुले पनि चलचित्रको विकल्पमा अरु कुनै मनोरञ्जनको उपाय अपनाए होलान् ।

**कोरोनाका कारणले बेरोजगार बनेका कलाकर्मीहरूको अबको अवस्था कस्तो देख्नु हुन्छ ?**

निषेधाज्ञा र चाडपर्वका कारण चलचित्र निर्माणमा कमी देखिएको भएता पनि पुनः चलचित्रको छायांकन शुरु हुन थालेको छ । फ्लोरमा जानेहरु पनि छन् । एउटा चलचित्रमा कम्तिमा ५० जनाले रोजगारी पाउँछन् । वर्षमा सय वटा चलचित्र छायांकन हुँदा कतिले रोजगारी पाउँछन् । यो रोजगारी बचाउन पनि चलचित्र बन्नु पर्छ र सरकारले पनि यो कठिन अवस्थामा सहयोग गर्नुपर्छ जस्तो लाग्छ मलाई । नेपालमा चलचित्र अथवा कलामा लगानी गर्न सरकारले ऋण दिँदैन, उद्योग मानिसकेको अवस्थामा नयाँ नीति बनाएर ऋणको व्यवस्था हुनु पर्छ । प्रत्यक्ष प्रभावित २५ हजारदेखि ३० हजारको हराहारीको जनशक्तिलाई टिकाई राख्न पनि सरकारको अहम् भूमिका हुनुपर्छ । यसो भयो भने निराशा बनेका सिनेकर्मीको अनुहारमा आशाको किरण छाउने छ ।

**एउटा स्टारको लागि निर्माताले लगानी गरेको हुन्छ कलाकारको भूमिका चाहिँ के रहन्छ ?**

कुनै पनि कलाकार, प्राविधिक वा निर्देशकको एकल प्रयासले चलचित्र सफल हुने होइन । चलचित्र सफल हुन निर्देशक लगायत सम्पूर्ण टिमको आ-आफ्नो जिम्मेवारी अनुसारको मिहेनत हुनु जरुरी हुन्छ । त्यसमा पनि टिम क्याप्टेन अर्थात् निर्देशक अलि बढी जिम्मेवार हुनुपर्छ । यदि मेरो निर्माताले मलाई दोहोऱ्याएर लगानी गर्दैन भने ममा ठूलो समस्या छ भन्ने बुझ्नुपर्छ । नेपाली सिनेमामा कर्पोरेट हाउसको लगानी छैन । दुःख गरेर कमाएको पैसा निर्देशकलाई वा स्टारको विश्वासमा लगानी गरेको हुन्छ । त्यसैले निर्मातालाई कसरी बचाउने पहिलो प्राथमिकता हो । चलचित्रले निर्मातालाई फाइदा गरेमात्र उसले बल्ल चलचित्र बनाउने जांगर देखाउँछ । त्यसैले हामी कलाकारले पनि विषयवस्तु अनुसारको भूमिकामा न्याय गर्न सक्नुपर्छ अनि मात्र चलचित्र सफल हुन्छ ।

**चलचित्र कस्तो बन्नुपर्छ ?**

चलचित्रलाई मनोरञ्जनको साधानको रुपमामात्र नलिएर समाजको ऐना पनि भनिन्छ । त्यसैले दर्शक रुचीको मनोरञ्जनसँगै सन्देश पनि दिँदै जानुपर्छ । प्रस्तुत गर्ने विविध पक्ष हुन्छ । यसका लागि सबैभन्दा पहिले आफैं क्लियर हुनुपर्छ । चलचित्र कसरी राम्रो बनाउनुपर्छ भनेर सम्पूर्ण टिमले जिम्मेवारी महसुस गऱ्यो भने चलचित्र राम्रो बनाउन सकिन्छ ।

**एउटा कलाकारको नाताले अबको चलचित्र क्षेत्र कस्तो देख्नु हुन्छ ?**

मेरो बिचारमा अब चलचित्र धेरै कम बन्ने सम्भावना देख्छु । चलचित्र क्षेत्र भन्दा बाहिरकाहरुले चलचित्रलाई गहिराइबाट बुझ्नु भएकै छैन । उहाँहरूलाई सम्भावना र रिक्स दुबै पक्षको बारेमा राम्रोसँग बुझाउन सकेको खण्डमा र लगानी गर्न भनेको अवस्थामा चाहिँ निर्माता दोहोरिने सम्भावना देखिन्छ र चलचित्र निर्माणमा बिस्तारै बढोत्तरी हुन सक्छ ।

**नेपाल भन्दा बाहिर हाम्रा चलचित्र लान सकिन्न ?**

जस्तै हलिउड र बलिउडका चलचित्र हामी कहाँ सहज रुपमा भित्रिए जस्तै नेपाली चलचित्रको पनि देश बाहिर बजार खोज्नु पर्छ, हुनु पर्छ भन्ने विषयमा बेलाबखत आवाज नउठेको होइन तर कार्यन्वयन हुन सकिरहेको अवस्था छैन । संसारको धेरै देशमा नेपाली पुगेका छन् । नेपालीहरुको बाहुल्यता भएका ठाउँमामात्र नेपाली चलचित्र पुऱ्याउन सक्ने हो भने पनि आर्थिक रुपले ठूलो सहयोग पुग्ने देखिन्छ । अचम्मको कुरा त हामीले छिमेकको बजारलाई समेत समेट्न सकेका छैनौं भने टाढाको के कुरा गर्नु । जस्तै काँकडभिट्टापारिको नेपालीभाषी सिक्किम, दार्जिलिङ, असामसम्म हामी पुग्न सकेका छैनौं । नेपाली चलचित्र क्षेत्रको लागि यो दुःखको कुरा हो । विश्वभरी नेपाली भाषी भएता पनि एकाध चलचित्रको च्यारेटी गरेर यो क्षेत्रलाई मद्दत पुग्न कठिन छ । हामी सिमापारीको चलचित्र हेरेर दंग पर्छौं र वार्षिक ठूलो धनराशी पठाउछौं, तर आफ्नो चलचित्र पठाउनका निमित्त पहल गर्दैनौं । त्यसैले ब्यक्तिको पहल भन्दा पनि राज्य स्तरबाट नै पहल हुनु जरुरी छ ।

**डिजिटल प्लेटफर्मबाट चलचित्र सार्वजनिक हुनुलाई कसरी लिनुभएको छ ?**

यो समयको माग पनि हो किन भने संसारै डिजिटलमय बनिसकेको छ । डिजिटल प्लेटफर्मको सम्भाना विश्व बजारमा चलचित्रले पारेको प्रभावले निर्धारण गर्छ । हलिउड, बलिउड, टलिउडका चलचित्रको प्रभाव विश्वभर छ । त्यसैले ती चलचित्र जुनसुकै प्लेटफर्ममा राखे पनि विश्वभरबाट हेरिन्छ र व्यापार राम्रो हुन्छ । हामी कहाँ चलचित्रका दर्शक कम छन् । त्यसमा पनि केही चलेमा ब्यानरको मात्रै हेर्छन । अर्को कुरा हाम्रा चलचित्रका दर्शक नेपालभित्रै छन् । त्यसैले डिजिटल प्लेटर्फममा ठूलो लगानी हुन सकेन । र अर्को कुरा हाम्रा चलचित्र गुणस्तरीय भएर विश्व बजारमा पुग्न सकेको भए हाम्रो आफ्नै डिजिटल प्लेटफर्म चाहिँदैन थियो । विश्वका चलेका प्लेटफर्मले नै हाम्रा चलचित्र लिने थिए । यसतर्फ पनि सरोकारवाला जागरुक हुनुपर्ने बेला आइसकेको छ ।

# सञ्चारमन्त्रीद्वारा प्रजातन्त्रवादी लेखक अंक विमोचन



**हरिकृष्ण धिताल/मध्यान्ह**
काठमाडौं, ६ कार्तिक

सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शिवपुरी सन्देश पत्रिकाको प्रजातन्त्रवादी लेखक अंक एक समारोहमा विमोचन गरेका छन् । उक्त कार्यक्रममा साहित्यकार वियोगी बुढाथोकीको नियात्रासंग्रह 'शनैःशनैः यात्रामा'को पनि विमोचन गरियो ।

मन्त्री कार्कीले प्रजातन्त्रवादी लेखक अंकबाट देशको प्रजातन्त्रको वास्तविक अवस्था बुझ्न सहज हुने बताए । उनले स्रष्टा वियोगी बुढाथोकीलाई थुप्रै कृतिहरू प्रकाशन गर्न शुभकामना पनि दिए ।

कार्यक्रममा वरिष्ठ कवि डा. विष्णुविभू घिमिरेले नेपाली साहित्यमा शिवपुरी सन्देश पत्रिका र स्रष्टा वियोगी बुढाथोकीको योगदानको चर्चा गरे । समीक्षकद्वय अनुपमा रेग्मी र सविता विमलीले विमोचित नियात्रासंग्रहको चिरफार गरेका थिए भने समीक्षक राजकुमार बानियाले ठट्यौली पारामा कृति र कृतिकार बुढाथोकीको योगदान र स्वभावको बारेमा आफ्ना विचारहरू राखेका थिए ।

